संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ५२

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल भदौ १८ गते सोमबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा बिहान ११:१० बजे प्रारम्भ भयो ।

प्रारम्भमा आकस्मिक समय लिएर निम्नलिखित माननीय सदस्यहरुले रुकुम पश्चिम चौरजहारी नगरपालिकामा हावा-हुरी सहित वर्षाको कारण आएको बाढिले बगाएर एकै परिवारका दुई जना बालबालिकाको मृत्यु हुनुको साथै बाली नालीमा क्षति पुर्‍याएको, जाजरकोटमा चट्याङ्ग लागेर एकजनाको मृत्यु भएको, जुम्लाको कनका सुन्दरी गाउँपालिकामा सवारी दुर्घटनामा चालक र सहचालकको मृत्यु भएको, कर्णाली राजमार्ग छिटोभन्दा छिटो स्तरोन्नती गर्नुपर्ने, बर्दिया जिल्लाको नेपाल भारत सीमा क्षेत्रबाट ३५ वटा सीमा स्तम्भ हराएकोले सम्बन्धित निकायले ध्यान पुर्‍याउनु पर्ने लगायतका विषयमा आ-आफ्नो भनाई राख्नुभयोः-

१. मा० श्री जनार्दन शर्मा
२. मा० श्री ज्ञान बहादुर शाही
३. मा० श्री अब्दुल खांन

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरुले समसामयिक विषयमा आ-आफ्नो भनाई राख्नुभयो ।

१. मा० श्री भगवती चौधरी
२. मा० श्री भानुभक्त जोशी
३. मा० श्री मनिष झा
४. मा० श्री महेश कुमार वर्तौला
५. मा० श्री महेश बस्नेत
६. मा० श्री मंगल प्रसाद गुप्ता
७. मा० श्री मंजु शर्मा अन्सारी
८. मा० श्री योगेश कुमार भट्टराई
९. मा० श्री रघुजी पन्त
१०. मा० श्री रण कुमारी बलम्पाकी मगर
११. मा० श्री रणेन्द्र बराली
१२. मा० श्री रन्जु कुमारी झा
१३. मा० श्री रमा कोइराला पौड्याल
१४. मा० श्री राजेन्द्र कुमार के.सी.
१५. मा० श्री राम कुमार राई
१६. मा० श्री रामनाथ अधिकारी
१७. मा० श्री रामहरि खतिवडा
१८. मा० श्री रुक्मणी राना बराइली
१९. मा० श्री रुपा वि.क.
२०. मा० श्री रेखा यादव
२१. मा० श्री रोसन कार्की
२२. मा० श्री लक्ष्मी तिवारी
२३. मा० श्री लाल प्रसाद साँवा लिम्बू
२४. मा० श्री लालबिर चौधरी
२५. मा० श्री लेखनाथ दाहाल

तत्पश्चात् प्रारम्भ भएको विषेश समयमा निम्नलिखित माननीय सदस्यहरुले समसामयिक विषयमा आ-आफ्नो भनाई राख्नुभयो ।

१. मा० श्री अर्जुन नरसिंह के.सी.
२. मा० श्री विद्या भट्टराई
३. मा० श्री माधव सापकोटा
४. मा० श्री हरि ढकाल
५. मा० श्री राजेन्द्र प्रसाद लिङदेन
६. मा० श्री शेर बहादुर कुँवर
७. मा० श्री गोमा लाभ (सापकोटा)
८. मा० श्री सर्वेन्द्र नाथ शुक्ला
९. मा० श्री प्रेम सुवाल
१०. मा० श्री प्रभु साह
११. मा० डा० अमरेश कुमार सिंह
१२. मा० श्री सुशिला थिङ
१३. मा० श्री हेमराज राई
१४. मा० श्री संजय कुमार गौतम
१५. मा० श्री सुर्य कुमारी श्रेष्ठ
१६. मा० श्री प्रतिक्षा तिवारी

तदुरपरान्त प्रतिनिधि सभा नियमावली, २०७९ को परिच्छेद-८ बमोजिमको प्रश्नोत्तर कार्यक्रममा माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङले निम्नलिखित माननीय सदस्यहरुले सोध्नु भएको मौखिक प्रश्नहरुको उत्तर दिनुभयो ।

१. माननीय श्री प्रेम सुवाल (प्रश्न नं. १ र २)
२. माननीय श्री दिलेन्द्र प्रसाद बडू (प्रश्न नं. ३ र ४)

त्यसपछि माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री अशोक कुमार राईले माननीय श्री प्रेम सुवालले सोध्नु भएको मौखिक प्रश्न नं. ५ र ६ को उत्तर दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले मिति २०८० भदौ १२ गतेको बैठकमा गणपूरक संख्याको अभावमा निर्णयार्थ पेश हुन बाँकी “केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक, २०८० माथि विचार गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्न लाग्नु हुँदा माननीय श्री महेश कुमार वर्तौलाले सदनमा गणपुरक संख्या नपुग भएको भनी प्रश्न उठाउनु भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा ९४ बमोजिम कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न प्रतिनिधि सभाको एक चौथाई सदस्य उपस्थित हुनु पर्ने भएकोले गणपूरक संख्या यकिन गर्न सचिवालयलाई निर्देश गर्नुभएपछि ३ मिनेटको जनाउ घण्टी बजाई उपस्थित माननीय सदस्यहरुको संख्या गणना गर्दा गणपुरक संख्या ६९ हुनुपर्नेमा माननीय सदस्यहरुको संख्या ८३ रहेकोले कार्यक्रम अगाडी बढ्ने व्यहोरा जानकारी गराउनु हुँदै मिति २०८० भदौ १२ गतेको बैठकमा गणपूरक संख्याको अभावमा निर्णयार्थ पेश हुन बाँकी “केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक, २०८० माथि विचार गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले “केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक, २०८०” माथी प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ११२ बमोजिम संशोधन पेश गर्न चाहनु हुने माननीय सदस्यहरुले विधेयक शाखा (प्रतिनिधि सभा) संघिय संसद सचिवालय, सिहंदरबारमा दिन सक्नु हुने व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात सम्माननीय सभामुखले एसिया कप क्रिकेट प्रतियोगितामा सहभागी नेपाली टोलीलाई प्रतिनिधि सभा र आफ्नो तर्फबाट समेत सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल भाद्र २१ गते बिहिबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ३:३५ बजे स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव